bhanjyangnews.com
वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
भञ्ज्याङ
राष्ट्रिय दैनिक
BHANJYANG NATIONAL DAILY



दिप इन्टरप्राइजेज
आँबुखैरेनी-३, तनहुँ । बजाज शो-रूम, उचित भवन
सम्पर्क : ०६५-५४०५७६, ५४०४८२

वर्ष ४० अंक १४५ | २०७८ असोज १० गते आइतबार, नेपाल सम्वत् ११४१ September 26, 2021 | पृष्ठ ४ | मूल्य : रू. ५/-

# कांग्रेसको गाउँ/नगर अधिवेशन : तनहुँमा तीनमा सर्वसम्मत, सात पालिकामा निर्वाचनबाट सभापति चयन

**भञ्ज्याङ समाचारदाता/दमौली**

नेपाली कांग्रेसको १४औं महाधिवेशन अन्तर्गत पूर्व निर्धारित मितिअनुसार वडा अधिवेशन सम्पन्न भएका जिल्लामा शनिबारदेखि गाउँ/नगर अधिवेशन शुरू भएको छ । कांग्रेसले हालसम्म ६४ जिल्लामा वडा अधिवेशन सम्पन्न गरिसकेको छ । पार्टीको केन्द्रीय निर्वाचन समितिका अनुसार वडा अधिवेशन भई अन्तिम मत परिणाम प्राप्त भएका अधिकांश जिल्लामा शनिबारदेखि गाउँ/नगर अधिवेशन सुरू भएको छ ।

निर्वाचन तालिका अनुसार तनहुँको १० वटा पालिकामा शनिबार गाउँ/नगर अधिवेशन सम्पन्न गरिएको छ । जिल्लाका १० वटा पालिका मध्ये तीन वटा पालिकाका सभापतिहरू सर्वसम्मत चयन गरिएको छ । शुक्लागण्डकी नगर सभापतिमा गोपिबहादुर गुरूङ, देवघाट गाउँ सभापतिमा तीलबहादुर थापा र घिरिङ गाउँ सभापतिमा यमबहादुर थापा सर्वसम्मत चयन भएको तनहुँका पार्टी सचिव विश्व बास्तोलाले जानकारी गराए ।

यस्तै, जिल्लाको बन्दिपुर गाउँपालिका, आँबुखैरेनी गाउँपालिका, भानु नगरपालिका, म्याग्दे गाउँपालिका र व्यास नगरपालिकामा भने सभापति तथा अन्य पदका लागि निर्वाचन भएको छ ।

निर्वाचनबाट बन्दिपुर गाउँ सभापतिमा कर्णबहादुर खत्रीले ६७ मत प्राप्त गरी निर्वाचित भएका छन् भने उनका प्रतिस्पर्धी वैंश गुरूङले ४५ मत प्राप्त गरी पराजित भएका छन् । एक मत बदर भएको बताइएको छ । यस्तै, आँबुखैरेनी गाउँ सभापतिमा ५६ मत प्राप्त गरी विष्णु पन्त विजयी भएका छन् भने उनका प्रतिस्पर्धी प्रितम गुरूङले ४९ मत प्राप्त गरेका थिए ।

म्याग्दे गाउँसभापतिमा रामभक्त घिमिरे विजयी भएका छन् । प्रतिस्पर्धी विनोद खनाललाई पराजित गर्दै घिमिरे सभापतिमा विजयी भएका हुन् । सभापति पदमा विजयी घिमिरेले १०९ मत ल्याउँदा प्रतिस्पर्धी खनालले ३९ मत ल्याए । यसैगरी, उपसभापतिमा चिनीमाया थापा र पुष्पराज खनाल विजयी भएका छन् । गाउँ सचिवमा गौरवराज राना र सुन्दरमणि अधिकारी विजयी भएका छन्। गाउँ सहसचिवमा श्रीभद्र आचार्य र सुरज थापा विजयी भएका छन् ।

त्यस्तै, भानु नगरसभापतिमा राम कुमार श्रेष्ठ १३९ मत प्राप्त गरी निर्वाचित भएका छन् । उनका प्रतिस्पर्धी नवीनराज दाहालले १२५ मत प्राप्त गरेका थिए । २७५ कुल मत मध्ये २७१ मत खसेको निर्वाचन समितिले जनाएको छ । नगर उपसभापतिमा राजन श्रेष्ठ १५३ मत र लक्ष्मी श्रीराज भण्डारीले १८० मत प्राप्त गरी विजयी भएका छन् । नगर सचिवमा दिपेन्द्र अधिकारीले १२६, सिताराम बानियाँले १३६ मत प्राप्त गरी विजयी भएका छन् भने नगर सहसचिवमा नवीन रानाभाटले १२६ मत र सुदिप केसीले १५७ मत प्राप्त गरी विजयी भएका छन् ।

यस्तै, सबैको चासो र चर्चाको विषय बनेको व्यास नगर सभापतिमा सूर्यचन्द्र हड्खले र डम्बर अधिकारी बीच चुनावी प्रतिस्पर्धा भएको छ । यो समाचार तयार

बाँकी दोश्रो पेजमा



नेपाली कांग्रेसको १४औं महाधिवेशन अन्तर्गत शनिबार तनहुँको व्यास नगरपालिकाको अधिवेशनका लागि टाँस गरिएको मतदाता नामावली हेर्दै कार्यकर्ता । *तस्विर : भञ्ज्याङ*

# विभाजन होइन, बढार्नुपर्ने कसिंगार हावाले उडाएको हो : नेता गुरूङ

**भञ्ज्याङ समाचारदाता/दुलेगौंडा**

नेकपा एमालेका स्थायी कमिटी सदस्य किरण गुरूङले एमाले विभाजित नभएको दोहोऱ्याएका छन्। नेता गुरूङले पार्टीबाट कुचोले बढार्नु पर्ने कसिंगार हावाले उडाएर लगेको टिप्पणी गरेका छन् । नेकपा एमाले शुक्लागण्डकी नगर कमिटीले शनिबार दुलेगौंडामा आयोजना गरेको नगरस्तरीय कार्यकर्ता भेलालाई सम्बोधन गर्दै नेता गुरूङले पार्टी विभाजन भयो भनेर दुःख मान्नु पर्ने कुनै कारण नभएको बताए ।

'पार्टी विभाजन भएकै होइन, जे हुन्छ ठिक हुन्छ, कुचोले बढार्नु पर्ने कसिंगार हावाले उडाएर लग्यो। अब शक्ति बटुलेर अगाडी बढ्नुपर्छ', उनले भने, 'एमाले खहरे खोला होइन, यो पार्टी सेतीनदी जस्तै हो, कहिल्यै सुक्दैन, अब त झन् एमाले शुद्ध र संग्लो भएको छ । एमालेका कार्यकर्ताहरू हाँसीहाँसी अगाडी बढ्ने दिन आएको छ ।' पार्टीमा देखिएको पिलो निचोर्दा पिपसंगै केही रगत गएपनि त्यो रगत पुर्ति गर्ने भन्दै नेता गुरूङले इमान्दार नेता कार्यकर्ताहरू पुनः एमालेमा फिर्किएर आउने दाबी गरे । उनले माधव नेपाल गल्ति सच्याएर आए पार्टीमा स्वागत गर्न तयार रहेको समेत बताए ।

खचाखच भरिएको भेलालाई सम्बोधन गर्दै नेता गुरूङले कुनै व्यक्तिको कारण पार्टी नछोड्न कार्यकर्तालाई निर्देशन दिए । 'यो पार्टीमा माधव, झलनाथ, केपी, बामदेव सबैको योगदान छ, तपाई हामी सबै मिलेर बनाएका हौँ', उनले भने, 'किरण गुरूङका कारण, मुक्ति तिम्सिना, केदार सिग्देल वा केपी ओलीका कारण पार्टी छोड्ने होइन, एमाले हामीले बनाएका हौँ। जसले विचारको नेतृत्व गर्छ।'

भेलामा संविधान सभा सदस्य टुकराज सिग्देलले पदका लागि माधव नेपालले पार्टी विभाजन गरेको आरोप लगाए । राष्ट्र र जनताका लागि धोका हुने गरी गरेको पार्टी विभाजनले माधव नेपाललाई इतिहासले जवाफ दिने उनको भनाई थियो । उनले एमाले छाडेर माधव नेपालको एकिकृत समाजवादी पार्टीमा गएकोप्रति नेता कृष्णकुमार श्रेष्ठ किसानलाई प्रश्न गर्दै भने तपाई त्यता किन जानु भएको हो ?, जनताका लागि कि नीजि स्वार्थका लागि ? पार्टी विभाजन भनिएपनि प्रदेश र स्थानीय तहको जनताको बीचमा एमाले नै एमाले भएको दाबी गर्दै उनले एमालेसंग प्रतिष्पर्धा गर्ने कुनै पार्टीसंग आँट नै नभएको र एमालेको नेतृत्वमा मात्रै समृद्धि सम्भव भएको दाबी गरे ।




नगरकमिटी अध्यक्ष मुक्ति तिमिल्सिनाको अध्यक्षतामा भएको कार्यक्रममा संविधान सभा सदस्य हसिना बेगम, जिल्ला सचिवालय सदस्य रामचन्द्र उपाध्याय, जिल्ला कमिटीका उपाध्यक्ष श्रीप्रसाद श्रेष्ठ, शुक्लागण्डकी नगरपालिका उपप्रमुख सविता रसाइली, प्रदेश कमिटी सदस्य दुर्गा पराजुली लगायत नेताहरूले आ–आफ्ना विचार व्यक्त गरेका थिए।

# सहरका विद्यार्थीले रोजे गाउँको विद्यालय

**सन्तोष गौतम/म्याग्दी**

कास्कीको पोखरास्थित शीतलादेवी माविमा कक्षा आठ पढ्नु भएका अन्नपूर्ण गाउँपालिका–६ घारका नबराज बरूवाल प्रभा माविमै नौ कक्षा पढ्न आउनुभयो। उहाँ हाल इलेक्ट्रिकल इञ्जिनियरीङ पढ्दै हुनुहुन्छ । बरूवाल गाउँ नजिकैको विद्यालयमा आफूले रोजेको विषय पढ्न पाएकोमा खुसी हुनुहुन्छ । "आफैं स्वरोजगार बन्ने सीपसहितको व्यवहारिक शिक्षा पढ्न यहाँ आएको हुँ", बरूवाल भन्नुहुन्छ, "गाउँमा भएर के भो र? सहरको विद्यालयकै जस्तो सेवा सुविधा छ ।" बरूवालले जस्तै चितवनको भानु माविबाट कक्षा ६ उत्तीर्ण गर्नुभएका महर पुन कक्षा सात पढ्न म्याग्दीको अन्नपूर्ण गाउँपालिका४ नारच्याङस्थित प्रभा माविमा भर्ना हुनुभएको छ । उहाँ



पनि सहरको विद्यालय छाडेर गाउँमा पढ्न आउनुभएको हो ।

बरूवाल र पुन जस्तै सहर बजारका विद्यालय छाडेर ग्रामीण क्षेत्रको प्रभा माविमा भर्ना हुने विद्यार्थीको संख्या बढ्दै गएको छ। विद्यालयका सहायक प्रधानाध्यापक विष्णुप्रसाद पोखरेलका अनुसार ३०० मध्ये १०० विद्यार्थी अन्यत्रबाटै आएका छन् । "विद्यार्थी र बालमैत्री शिक्षण विधि, प्रविधिको प्रयोग, अंग्रेजी माध्यम, प्रयोगात्मक शैलीमा र प्राविधिक विषयको पठनपाठन गराउन थालेपछि विद्यार्थीको चाप बढेको छ", उहाँले भन्नुभयो, "तीन वर्षअघि १३५ विद्यार्थी थिए, हाल विद्यार्थी संख्या बढ्दै गएको छ ।"

बेनी, पोखरा, चितवन, काठमाडौं, बागलुङ, कुश्मालगायत सहरी क्षेत्रका निजी र सामुदायिक विद्यालयका विद्यार्थी प्रभा माविमा पढ्न आउने गरेका छन् । प्रभा माविमा साधारणतर्फ बाल कक्षादेखि १२ र प्राविधिकतर्फ कक्षा नौदेखि १२ सम्म इलेक्ट्रिकल इञ्जिनियरीङ विषयको पढाइ हुन्छ । यहाँ कक्षा

बाँकी तेश्रो पेजमा

स्वास्थ्य परीक्षण सम्बन्धित सूचना

छाला तथा यौन रोग सम्बन्धी बिरामीहरूको लागि सुवर्ण अवसर

**असोज १५ गते शुक्रबार**को दिन **काठमाण्डौं बीर अस्पताल**का छाला तथा यौन रोग विशेषज्ञा **डा. आर बि सिंह** आउनुहुने हुँदा नयाँ तथा पुराना छाला तथा यौन रोग सम्बन्धी बिरामीहरूले सम्पर्क गरी उपचार गराउन सक्नुहुनेछ । अग्रिम बुकिङको लागि टेलिफोनबाट आफ्नो नाम दर्ता गराउन पनि सक्नुहुनेछ ।

**प्रसन थापा मेडिकल हल**
व्यास–२, मिनराज कम्प्लेक्स (हाईवे, शहिद गेट) दमौली
**सम्पर्क : ९८६७११८०२९, ९८२६१५४०७४, ९८२९१२०३२६**

वि.सं. २०३९ देखि निरन्तर प्रकाशित
भञ्ज्याङ
राष्ट्रिय दैनिक
तपाई जहाँ भएपनि अब हामी तपाईकै साथ र हातमा
ANDROID APP ON Google play
Bhanjyangnews
Bhanjyang Daily
@bhanjyangdaily
News/Media Website
Follow
भञ्ज्याङ दैनिक
@bhanjyangdaily
www.bhanjyangnews.com
YouTube Bhanjyang Daily
Contact : 065-560907
E-mail : bhanjyangdml@gmail.com

# हाइड्रोजन इनर्जीको अनुसन्धान

**अशोक घिमिरे**/काठमाडौं

पेरिस सम्झौताले निर्दिष्ट गरेका लक्ष्य हासिल गर्न विश्वका १९४ भन्दाबढी मुलुकले हरितगृह ग्यास उत्सर्जन घटाउन र जलवायु परिवर्तन अनुकूलनका लागि आक्रामक योजना अगाडि सारेका छन् । सन् २०१५ को पेरिस सम्झौताले सन् २०५० सम्म हरितगृह ग्यास उत्सर्जन शून्यमा झार्ने लक्ष्य लिएको छ । विकसित मुलुकले हरित ग्यास उत्सर्जन घटाउन महत्वकाङ्क्षी योजना अघि सारेका छन् । बेलायतले २०५० सम्म हरितगृह ग्यास उत्सर्जन शून्यमा झार्ने उद्देश्यका साथ सन् २०२५ देखि कोइलाको प्रयोगमा प्रतिबन्ध लगाएको छ। अमेरिका, चीन, जापान, युरोपेली मुलुकले पनि नवीकरणीय ऊर्जाको प्रयोगमार्फत कार्बन उत्सर्जन कम गर्ने उद्घोष गरेका छन् । उनीहरूले विभिन्न नियम, कानून बनाएका छन् । हाइड्रोजन, सौर्य ऊर्जालगायत नवीकरणीय ऊर्जामा लगानी बढाइरहेका छन्। जीवाष्म इन्धन (फोसिल फ्यूल) को बढ्दो खपत र प्राकृतिक स्रोत साधनको अधिक दोहनले गर्दा विश्वव्यापी तापमानमा वृद्धि भएको छ । यसबाट प्राणी र वनस्पति जगत्का लागि आगामी दिन अझ कठिन बन्दै जाने देखिएको छ ।



जीवाष्म इन्धनको विकल्पका रूपमा विश्वभर नवीकरणीय ऊर्जाको प्रयोग बढ्दै गइरहेको छ । नवीकरणीय ऊर्जाको खोजीमा विश्वभरका वैज्ञानिक जुटेका छन् । मुख्यतः जीवाष्म इन्धनको प्रयोग ऊर्जा उत्पादनमा भइरहेको छ । प्राकृतिक इन्धनको सट्टा नवीकरणयीय ऊर्जाको प्रयोग बढाउने र हरितगृह ग्यास उत्सर्जन शून्यमा झार्ने लक्ष्यका साथ वैज्ञानिक अनुसन्धान भइरहेका छन् । त्यसको भरपर्दो विकल्पका रूपमा 'हाइड्रोजन इनर्जी' लाई लिइएको छ । हवाई जहाज उत्पादन गर्दै आएको बोइङ र एयरबस कम्पनीले सन् २०३५ भित्र हाइड्रोजन इनर्जीबाट जहाज उडाउने घोषणा गरेका छन् । युरोपेली मुलुकमा सन् २०१८ देखि नै हाइड्रोजन इनर्जीबाट चल्ने बस गुड्न थालेका छन् । त्यस्तै युरोपमै हाइड्रोजन इनर्जीबाट रेल चल्न थालेका छन् । चीनले पाँच वर्षभित्र पाँच ठूला हाइड्रोजन उद्योग खोल्ने योजना अगाडि सारेको छ । नर्वे २०२५ सम्ममा नयाँ पेट्रोल र डिजेल कार बिक्री बन्द गर्ने योजनामा छ । अहिले विश्वमा हाइड्रोजनको प्रयोग नगन्यमात्रामा भइरहेको छ । ऊर्जाका रूपमा सबैभन्दा बढी प्राकृतिक ग्यासको प्रयोग ४८ प्रतिशत, तेलको प्रयोग ३० प्रतिशत, कोइलाको प्रयोग १८ प्रतिशत र हाइड्रोजनको प्रयोग ४ प्रतिशतमात्र भएको छ ।

नेपाल पनि सन् २०५० सम्म हरितगृह ग्यास उत्सर्जनलाई शून्यमा झार्ने पेरिस सम्झौताको उद्देश्य हासिल गर्न जीवाष्म इन्धनको विकल्पमा हाइड्रोजन इनर्जीको सम्भाव्यता खोजीमा जुटेको छ । नेपाल आयल निगमको सहकार्यमा काठमाडौँ विश्वविद्यालयले हाइड्रोजन ऊर्जाको परीक्षण थालेको छ । काठमाडौँ विश्वविद्यालयले हाइड्रोजनबारे अध्ययन सुरू गरेको एक वर्ष भएको छ । परीक्षणका क्रममा आएका नतिजाले अनुसन्धानमा संलग्न विश्वविद्यालयका समूह उत्साहित देखिएका छन् । ग्रीन हाइड्रोजन ल्याबका प्रमुख डा विराजसिंह थापा हाइड्रोजनको परीक्षणका सिलसिलामा आएको नतिजाले जीवाष्म इन्धनको भरपर्दो विकल्प हाइड्रोजन बन्नसक्ने बताउनुहुन्छ । हाइड्रोजन प्रविधि करिब २०० वर्षअघि पत्ता लागेको हो । विकसित मुलुकले यसलाई प्रयोगमा ल्याइसकेका छन् । "हाइड्रोजन प्रविधि निकै पुरानो, सुलभ प्रविधि हो, विज्ञानले धेरै अघि प्रमाणित गरेको भए पनि समाजले स्वीकार्न नसक्दा पछि परेको हो", उहाँले भन्नुभयो, "अबको विश्व जीवाष्म इन्धनबाट बाहिरिँदै गर्दा पछिल्ला दिन नेपालमा पेट्रोलियम पदार्थको प्रयोग बढ्दै जानु विडम्बना हो, यसलाई 'क्र्याक डाउन' गर्ने हाइड्रोजन इनर्जीले नै हो ।"

**कसरी बन्छ हाइड्रोजन ?**

पानीबाट बिजुली निकालेर त्यो बिजुलीलाई पनि टुक्र्याएपछि हाइड्रोजन उत्पादन हुन्छ। हाइड्रोजनबाट बिजुली र बिजुलीबाट हाइड्रोजन पनि निकाल्न सकिन्छ । "एक किलोग्राम हाइड्रोजनबाट ५० युनिट बिजुली निकाल्न सकिन्छ । दुई किलो हाइड्रोजन सिलिन्डरमा भर्ने हो भने त्यो १०० युनिट बराबरको बिजुली हुन्छ", ल्याब प्रमुख थापा भन्नुहुन्छ, "यसले एक महिनासम्म एउटा घर चलाउनलाई सामान्यतया पुग्छ । अर्को कुरा ब्याट्रीभन्दा ४०० गुणा हलुका हुन्छ, हाइड्रोजन । यसले ठूला तथा मालबाहक गाडी, जहाज आदि सबै यातायातका साधन सञ्चालनका लागि सहज बनाउँछ।"

बैंक, सपिङ कम्प्लेक्स आदिका लागि जेनेरेटरभन्दा यो धेरै राम्रो विकल्प हुनसक्छ । फलाम खानी, इँटाभट्टा, सिमेन्टलगायत अत्यधिक ऊर्जा खपत हुने उद्योगमा प्रयोग गरिने कोइलालाई प्रतिस्थापन गर्न सकिन्छ । पेट्रोलियम पदार्थ, एलपी ग्यास, रासायनिक मल उत्पादनका क्रममा प्रयोग हुने ऊर्जा सबैलाई हाइड्रोजनले विस्थापन गर्नसक्ने प्रमुख थापाको जिकिर छ । हाइड्रोजन उत्पादन विश्वको तुलनामा नेपालमा सस्तो हुने उहाँको भनाइ छ । विश्वबजारमा एक किलो हाइड्रोजनको मूल्य पाँच अमेरिकी डलर हाराहारी रहे पनि नेपालमा एक केजीको एक डलर पर्न जाने उहाँले बताउनुभयो ।

**हाइड्रोजनबाट चल्ने कारको छिट्टै परीक्षण**

केयुले अनुसन्धानका क्रममा अहिले हाइड्रोजनबाट चल्ने कार निर्माण गरिरहेको छ । परीक्षणका क्रममा पाएको सफलताले अन्य क्षेत्रमा पनि हाइड्रोजनको प्रयोग गर्न सकिने पुष्टि भएको छ । अहिले विश्वविद्यालयको समूह हाइड्रोजनबाट खाना पकाउने प्रविधिको खोजीमा जुटेको छ । केयुले छ महिनाभित्र हाइड्रोजनबाट चल्ने कार सञ्चालन गरेर देखाउने गरी अनुसन्धानलाई तीव्रता दिएको ल्याब प्रमुख थापाले बताउनुभयो । पेट्रोलबाट चल्ने कारको इञ्जिन निकालेर हाइड्रोजनबाट चलाउने तयारी छ। त्यसका लागि आवश्यक हाइड्रोजन पनि ल्याब आफैँले उत्पादन गरेको छ । "हाइड्रोजनबाट चल्ने बस सञ्चालनमा ल्याएर सम्भव छ है भनेर देखाउन खोजेका हौँ । र, यो काम छ महिनाभित्र गरेर देखाउँछौँ", उहाँले भन्नुभयो ।

**तेल निर्यात गर्ने मुलुक नै हाइड्रोजन उत्पादनतर्फ**

विश्वभर इन्धन निर्यात गर्ने मुलुक हाइड्रोजन ऊर्जा उत्पादनतर्फ लागेका छन् । ठूला तेल उत्पादक राष्ट्र साउदी अरब, संयुक्त अरब इमिरेट्स, ओमन लगायतले ठूल्ठूला हाइड्रोजन प्लान्ट स्थापना गर्ने तयारीमा जुटेका छन्। साउदी अरबले चार हजार मेगावाट क्षमताको वायु तथा सौर्य ऊर्जाबाट हाइड्रोजन प्लान्ट स्थापना गर्ने घोषणा गरेको ल्याबका प्रमुख थापाले जानकारी दिनुभयो । युएईले 'हाइड्रोजन रिफिलिङ स्टेसन' बनाउने तयारी थालेको छ । यस्तै ओमनले २५ हजार मेगावाट क्षमताको सोलार र वायु ऊर्जामार्फत हाइड्रोजन उत्पादनतर्फ लागेका छन् । यसैगरी इन्डियन आयल कर्पोरेशनले भारतको मथुरामा दैनिक एक टन क्षमताको हाइड्रोजन 'रिफाइनरी प्लान्ट' सञ्चालन गर्ने तयारी गरेको छ । इन्डियन रेल्वेले हाइड्रोजन प्रविधिमा आधारित रेल र टाटा मोटर्सले हाइड्रोजनबाट चल्ने बस चलाउने योजना अघि सारेका छन् ।

**नेपाललाई के फाइदा ?**

नेपालको वार्षिक व्यापार घाटा करिब १५ खर्ब हाराहारीमा रहेको छ। वार्षिक दुई खर्ब बराबरको पेट्रोलियम पदार्थको आयात भइरहेको छ । पछिल्ला वर्ष पेट्रोलियम पदार्थको प्रयोग झन् बढ्दै गइरहेको छ। हरितगृह ग्यास उत्सर्जनमा पेट्रोलियमको हिस्सा उच्च रहेको छ । नेपालमा उत्पादित बिजुलीको खपत बढ्न सकेको छैन । खेर गइरहेको पानी र उत्पादित बिजुलीको प्रयोग गरेर हाइड्रोजन उत्पादन गर्न सकिने ल्याब प्रमुख थापा बताउनुहुन्छ । "ऊर्जा सुरक्षा, व्यापार घाटा न्यूनीकरण तथा हरितगृह ग्यास उत्सर्जन कम गर्न हाइड्रोजन इनर्जीको विकल्प छैन", उहाँले भन्नुभयो । अधिवक्ता नारायणप्रसाद चौलागाईं नेपालमा हाइड्रोजनसँग सम्बन्धित कुनै पनि कानून नरहेको र सरकारको कुनै पनि नीतिले हाइड्रोजनलाई नसमेटेको बताउनुहुन्छ। "चालू आवको बजेटमा पनि यस विषयलाई समेटिएको छैन, विद्युतीय सवारीलाई केही हदसम्म सम्बोधन गरे पनि हाइड्रोजनको क्षेत्रलाई समेटिएन", उहाँले भन्नुभयो। वैकल्पिक ऊर्जाको अध्ययन, अनुसन्धान गर्न वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको गठन गरिए पनि सोको गठन ऐनमा हाइड्रोजनकै बारेमा विषय उल्लेख छैन । अबको विश्व हाइड्रोजन इनर्जीको बाटोमा अगाडि बढिरहेका सन्दर्भमा यसको अध्ययन, अनुसन्धानका लागि बजेट विनियोजन गर्ने, कार्ययोजना, नीति तथा मार्गचित्र बनाउनुपर्ने, नियमन निकाय गठन गर्नेतर्फ नेपालले पाइला चाल्नुपर्ने उहाँको सुझाव छ ।

नेपाल आयल निगमका कार्यकारी निर्देशक सुरेन्द्र पौडेल निगमले काठमाडौँ विश्वविद्यालयलाई हाइड्रोजन ऊर्जा प्रविधिको विकासमा सहकार्य गरेर यसको प्रयोग, नियन्त्रण र नियमलाई कसरी अगाडि बढाउने भन्ने विषयमा बहस थालिएको बताउनुहुन्छ । खेर जाने बिजुलीबाट स्वच्छ ऊर्जा उत्पादन गर्ने उद्देश्यले निगमले केयुसँग सहकार्य गरेको उहाँको भनाइ छ। काठमाडौँ विश्वविद्यालयका उपकुलपति डा भोला थापा विश्व अर्थबजारमा ऊर्जाको स्रोत नयाँ ढङ्गले अगाडि बढ्दै गइरहेको अवस्थामा आफूहरूले त्यसको तयारी गरेको बताउनुभयो । नेपाल आयल निगमले समयसापेक्ष प्रविधिसँगै आवश्यकता र औचित्यका आधारमा आफूलाई परिस्कृत गर्दै लैजानुपर्ने उहाँको भनाइ छ । रासस




भञ्ज्याङ पब्लिकेशन प्रा.लि.
दमौली, तनहुँ । फोन : ०६५-५६०९०७, ९८५६०६०३७६
www.bhanjyangnews.com
Email : bhanjyangdml@gmail.com

विभिन्न साईजका स्क्रीनिङ्ग तथा रिफाईनिङ्ग गिट्टी, बालुवा, अत्याधुनिक स्वचालित मेशिनबाट उत्पादित कंक्रिट ब्लक, कुटेको गिट्टीहरू चाहिएमा सेवा गर्ने अवसर अवश्य दिनुहोला । साथै होम डेलिभरिको पनि व्यवस्था छ ।
प्रो. कोपीलाल गुरूङ्ग
श्री छिम्केश्वरी रोडा, ढुङ्गा एण्ड ब्लक उद्योग
आँवुखैरेनी-४, नारीघाट, तनहुँ
मो. ९८५६०२५५६२, ९८०२८२५५६२, ९८४२३९३०३२, अफिस : ९८०२८०४७०८
JCB ब्याक्हु लोडर, डोजर, स्काईभेटर, टिप्पर, ट्रयाक्टर भाडामा चाहिएमा हामीलाई सम्झनुहोस् । सम्पर्क : ९८२५१६०२३२

# चीनको नयाँ खोप ६७ प्रतिशत प्रभावकारी

**रासस/सिन्ह्वा**/बेइजिङ

कोरोनाभाइरस विरूद्ध चीनले उत्पादन गरेको नयाँ खोप ६७ प्रतिशत प्रभावकारी भएको पुष्टि गरिएको छ । चीनको क्लोभर बायोफर्मास्युटिकलले उत्पादन गरेको खोप प्रभावकारी रहेको परीक्षणबाट पुष्टि भएको हो । कोरोनाकै डेल्टा भेरियन्टका विरूद्धमा भने ७९ प्रतिशत प्रभावकारी देखिएको अधिकारीले जानकारी दिएका छन् ।

सो खोप उत्पादक कम्पनीले आफ्नो अध्ययन प्रतिवेदन विश्व स्वास्थ्य संगठनलाई बुझाउने तयारी गरेको छ । प्रतिवेदनसँगै कम्पनीले खोप प्रयोगका लागि अनुमति दिन पनि माग गर्ने भएको छ । खोप उत्पादक कम्पनी क्लोभरको आधिकारीक वेभसाइटमा ३० हजारभन्दा बढी बयस्कमा खोपको परीक्षण गरिएको उल्लेख छ । परीक्षणमा फिलिपिन्स, ब्राजिल, कोलम्बिया, दक्षिण अफ्रिका र बेल्जीयम गरी पाँच देशका ३१ क्षेत्रका नागरिक सहभागी भएको जनाइएको छ ।

# सहरका विद्यार्थीले ..........

६ सम्म अंग्रेजी माध्यमबाट अध्यापन गराइन्छ । विज्ञान र कम्प्युटर प्रयोगशाला र पुस्तकालय भएको उक्त विद्यालयको आधारभूत तहको कक्षामा शैक्षिक सामग्री प्रदर्शनी र नाचगान गरी पढाउने सिर्जनात्मक शैली अपनाइएको प्रधानाध्यापक भगवानबहादुर कार्कीले बताउनुभयो। "परीक्षा प्रणालीलाई परिवर्तन, अतिरिक्त क्रियाकलापमा जोड र अभिभावकसँग नियमित अन्तर्क्रिया गर्न थालेपछि सिकाइ उपलब्धिमा सुधार आएको छ", उहाँले भन्नुभयो, "पछिल्लो शैक्षिक सत्रको औसत सिकाइ उपलब्धि ६२ प्रतिशत छ।"

दश जलविद्युत् आयोजना सञ्चालन भएको नारच्याङमा गाउँमै रोजगारीको अवसर भएकाले स्वरोजगारमूलक इलेक्ट्रिकल विषयको अध्ययनमा विद्यार्थीको आकर्षण बढेको छ । आइसमध्ये अधिकांश शिक्षक कर्मचारी ३० वर्षभन्दा कम उमेर र स्नातकोत्तर उत्तीर्ण छन् । विद्यार्थीको चापसँगै विद्यालयमा नयाँ कक्षाकोठा, छात्रावास र चमेनागृह भवन निर्माण गरिएको छ । गाउँपालिका, प्रदेश र संघीय सरकारका निकाय, नारच्याङमा निर्माणाधीन जलविद्युत् आयोजना, पूर्वविद्यार्थी र समुदायले विद्यालयको पूर्वाधार निर्माणमा सघाएका व्यवस्थापन समितिका अध्यक्ष तेज गुरूङले बताउनुभयो। राष्ट्रिय पुनःनिर्माण प्राधिकरण जिल्ला आयोजना कार्यान्वयन एकाइको रू लाख अनुदानमा चार/चार कोठे दुई तथा रू ३२ लाखमा दुई कोठे भवन निर्माण गरिएको छ ।

यसअघि चार कोठा थप गर्न रू ३५ लाख र चमेनागृह बनाउन रू १५ लाख सहयोग गरेको नीलगिरिखोला जलविद्युत् आयोजनाको रू एक करोड सहयोगमा शिक्षक र विद्यार्थीका लागि छात्रावास हाल निर्माणाधीन छ । हालै निर्माण भएको ४२ मेगावाट क्षमताको म्रिस्तीखोला जलविद्युत् आयोजनाले प्रभा माविका तीन निजी स्रोतका शिक्षकका लागि सात वर्षको तलबभत्ता उपलब्ध गराएको छ । व्यवस्थित खेलमैदान र घेराबार भएको उक्त विद्यालयमा पठनपाठनका लागि इन्टरनेटको प्रयोग गरिँदै आएको छ ।

शैक्षिक, भौतिक र शिक्षण सिकाइ क्रियाकलापमा सुधार गर्ने हो सामुदायिक विद्यालयले पनि विद्यार्थी र अभिभावकको मन जित्न सक्ने सन्देश प्रभा माविले दिएको अन्नपूर्ण गाउँपालिकाको शिक्षा शाखाका अधिकृत गणेशबहादुर कटुवाल बताउनुहुन्छ । "जिल्लाका अन्य विद्यालयले पनि प्रभा माविको सिको गर्नु जरूरी छ", उहाँले भन्नुभयो, "अब परम्परागत ढङ्गले मात्रै पठनपाठन गरेर उपलब्धि हासिल हुन सक्दैन, समय र प्रविधिसँगै दौडिनु पर्छ, अनी सफलता र उद्देश्य पूरा हुन्छ ।" रासस

पत्रिका नआइपुगे, ग्राहक बन्नु परेमा तथा विज्ञापन प्रकाशित गर्नु परेमा ।
सम्पर्क : ०६५-५६०९०७
E-mail : bhanjyangdml@gmail.com,
www.bhanjyangnews.com

गिट्टी, ढुङ्गा, फिल्टर बालुवा, ग्रावेल, चिफ ब्लक चाहिएमा हामीलाई सम्झनुहोस् । साथै हामीसंग जे.सि.बि., टेक्टर, टिपर, ट्रक, स्काभेटर भाडामा पाईन्छ ।
मेख बहादुर गुरुङ ९८१६६०१५८५
शेर बहादुर गुरुङ ९८५६०६०१५७
दिपक गुरुङ ९८४६०५५३५५
एस.जि. रोडा ढुङ्गा एण्ड ब्लक उद्योग
आँवुखैरेनी-६, मिलनचोक, तनहुँ

हाम्रा उपलब्ध सेवाहरू :
१) **डा. हेमन्त श्रेष्ठ**द्वारा दैनिक बिरामी जाँच ।
२) आधुनिक प्रयोगशाला द्वारा रगत, दिशा, पिसाबको परिक्षण ।
३) भिडियो एक्सरे सेवा । ४) प्रत्येक हप्ता शनिबार विशेषज्ञ सेवा ।
५) ई.सि.जी सेवा । ६) ड्रेसिङ्ग, सुचरिङ्ग र प्लास्टर सेवा ।
७) गुणस्तरीय फार्मेसी सेवा ।
नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।
मिर्लुङ्ग पोलिक्लिनिक प्रा.लि.
व्यास-२, दमौली तनहुँ। फोनः ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. १०, ०६३/६४
२०७८ असोज १०, आइतबार
September 26, 2021



**श्री नैनेश्वर महादेव मन्दिर :** तनहुँको भानु नगरपालिका–१३ चन्द्रावतीमा रहेको प्राचीन एवं पौराणिक ऐतिहासिक नैनेश्वर महादेव मन्दिर। संरक्षण र प्रचार प्रसारको अभावले जीर्ण बन्दै गएको मन्दिरको भौतिक पूर्वाधार निर्माण सहयोगार्थ स्थानीयले यही असोज १४ देखि २६ गतेसम्म धार्मिक अनुष्ठान तथा पितृ मोक्ष सत्संग, धार्मिक महोत्सव तथा ज्ञान महायज्ञ २०७८ सञ्चालन गर्ने तयारी गरेको छ । *तस्विर : भञ्ज्याङ*

**facebook twitter**



**विपिन**
twitter.com/bipinsapkota213
सुन्दर जीवनलाई सदुपयोग गर्न पर्छ दुई दिनको जिन्दगीमा केही सिक र जाउ, हामी अनुभव र केही सिक्न यो धर्तीमा नै आएका हौ, जय मानवजाति



**मनुशी**
twitter.com/mannusii
संक्षेपमा मानिसलाई बाँच्न को लागी माया को आवश्यकता छ, शायद गास बास र कपासपछि सबैभन्दा महत्वपूर्ण



**सोनी शर्मा**
twitter.com/sony_sharma2
प्रेम तिम्रो लागि कपडा जस्तै हो जो मन पर्यो त्यही फेर्ने तर मेरो लागि प्रेम कात्रो जस्तै हो जो एकचोटी ओढिसकेपछी अरूको जरूरत नै नपर्ने



**भिम महर**
twitter.com/mahar05555
मृत्युले जीवनका सबै प्रश्नहरूको अन्त्य गर्दैन, मृत्युले मात्र कर्मक्रिया र मर्मको अन्त्य गर्दछ उत्तर नभेटिन सकिने जिन्दगीका प्रश्नहरू बाँकी यहीँ रहन्छन् रोग बेथा या कुनै कारण बस अकालमै मरिसकेकी आमा गर्भमै सन्तान छदा मृत्यु भएको बुबा आफ्नो बच्चा हुर्काउने सोचमा मरेका हुनछन् आमा ।

# पर्यटन दिवसमा मिनी महोत्सव गर्ने

**रासस**/पोखरा

रेष्टुरेन्ट एण्ड बार एशोसियसन (रेवान) पोखराले पर्यटन दिवसका अवसरमा असोज ११ गते मिनी महोत्सव गर्ने भएको छ। रेवान पोखराका अध्यक्ष लक्ष्मण बरालले शनिबार पत्रकार सम्मेलन गरेर हरेक वर्ष गर्दै आइरहेको मिनी महोत्सवलाई यस वर्ष स्वास्थ्य सतर्कतासहित निरन्तरता दिइने बताउनुभएको हो । अध्यक्ष बरालले खोपको सहजता र निषेधाज्ञा खुला भएसँगै पर्यटनलाई चलायमान गराउन एकदिने मिनी महोत्सवको आयोजना गरिएको बताउनुभयो । उहाँका अनुसार महोत्सवमा साङ्गीतिक ब्याण्ड, नेवार समुदायको लाखे नाँच, पञ्चेबाजा, थारू समुदायको प्रचलित झुम्रा नृत्य, गन्धर्व समुदाय लगायतको सांस्कृतिक कार्यक्रम प्रस्तुत गरिनेछ।

उहाँले कोरोना महामारी पूर्णरूपमा निर्मूल भई नसकेकाले महोत्सव क्षेत्रमा नो भेइकल जोनको अवधारणालाई अङ्गीकार गरी भीडभाड व्यवस्थित गरेर महोत्सव गरिने बताउनुभयो । पोखरा पर्यटन परिषद्का अध्यक्ष गोपीबहादुर भट्टराइले कोरोनाका कारण सुस्ताएको पर्यटनलाई अब चलायमान गराउन पर्यटक लक्षित गतिविधि आवश्यक रहेको जनाउँदै मिनी महोत्सवले पोखरा सुरक्षित र खुला छ भन्ने सन्देश दिने बताउनुभयो । सो अवसरमा भट्टराइले कोरोना महामारीले आक्रान्त भएको पर्यटन क्षेत्रलाई वित्तीय संस्थाले ब्याजदर बढाएर थप पीडा दिएको भन्दै सिंगल डिजिटमा ऋण उपलब्ध गराएर पर्यटन व्यवसायीलाई विस्थापित हुनबाट जोगाउनुपर्नेमा जोड दिनुभयो ।

नेपाल पर्यटन बोर्ड गण्डकीका अधिकृत नवीन पोखरेलले पर्यटन दिवसका अवसरमा कूटनीतिक नियोगका पदाधिकारीको टोली पोखरा र आसपासको पदमार्गमा पुग्ने र यसले पोखरा सुरक्षित र खुला छ भन्ने सन्देश दिने बताउनुभयो । उहाँले पोखरामा पर्यटक आकर्षित गर्ने धेरै कुरा रहेको उल्लेख गर्दै मिनी महोत्सव जस्ता कार्यक्रमले आन्तरिक पर्यटकलाई प्रर्वद्धन गर्ने बताउनुभयो।

रेवानका सचिव भीष्मराज पौडेलले पोखरा खुल्दैछ र यहाँका व्यवसायी पाहुनालाई सेवा दिन तयार छन् भन्ने सकारात्मक सन्देश दिन र पर्यटन दिवस पोखरामा मनाउनका लागि निम्तो दिन पनि महोत्सव गरेको जानकारी दिनुभयो। पौडेलका अनुसार नेपाल पर्यटन बोर्ड प्रवर्द्धक र प्रदेश सरकार पर्यटन मन्त्रालय र पोखरा पर्यटन परिषद् सहयोगी रहेका छन् ।

# भ्रष्टाचारमुक्त नेपाल बनाउनुपर्छ : नेता गुरुङ

**भञ्ज्याङ समाचारदाता**/दुलेगौंडा

नेकपा (माओवादी केन्द्र)का स्थायी कमिटी सदस्य देव गुरूङले विकासको बाधक भ्रष्टाचार रहेकाले




भ्रष्टाचारमुक्त नेपाल बनाउनुपर्नेमा जोड दिनुभएको छ। माओवादी केन्द्र शुक्लागण्डकी नगरपालिका–१२ ले लामागाउँमा शनिबार आयोजना गरेको कार्यकर्ता भेलालाई सम्बोधन गर्दै उहाँले भ्रष्टाचार नियन्त्रण गर्न सकिएमात्रै नेपालको विकास र समृद्धि सम्भव रहेको उल्लेख गर्नुभयो।

भ्रष्टाचार र कमिशनले देश ध्वस्त भएको उल्लेख गर्दै गुरूङले भन्नुभयो, 'भ्रष्टाचारले अन्तर्राष्ट्रियस्तरमा नेपाल बदनाम भइरहेको छ, यसलाई न्यूनीकरण गर्नुपर्छ ।' हरेक कुरामा नेपाललाई आत्मनिर्भर बनाउनुपर्नेमा जोड दिँदै उहाँले शिक्षा, स्वास्थ्य र रोजगारीको ग्यारेण्टी हुनुपर्ने टिप्पणी गर्नुभयो । कार्यक्रममा माओवादी केन्द्रका केन्द्रीय सदस्य हरिबहादुर चुमान, केन्द्रीय सदस्य आशा कोइराला, शुक्लागण्डकी नगर कमिटीका सचिव मनराज गुरूङलगायतले माओवादी सङ्गठन सुदृढीकरण गर्दै आगामी निर्वाचनमा माओवादी केन्द्र पहिलो पार्टी बन्ने जिकिर गर्नुभयो ।

# तनहुँमा भाइरल ज्वरोका बिरामी बढे

**रासस**/तनहुँ

तनहुँको सदरमुकाम दमौली स्थित दमौली अस्पतालमा भाइरल ज्वरोका बिरामी बढ्दै गएका छन्। अस्पतालमा उपचारका लागि आएका बिरामीमध्ये करिब १५ प्रतिशत भाइरल ज्वरोका बिरामी रहेको सो अस्पतालले जनाएको छ । अहिले दैनिक अस्पतालमा २०० देखि २५० जनासम्म अस्पतालमा आउने गरेका छन् ।

भाइरल ज्वरोका बिरामीमा कोरोनाको जस्तो लक्षण देखिए पनि परीक्षण गर्दा पोजेटिभ नदेखिएको अस्पतालका प्रमुख डा सुनिल पौड्यालले बताउनुभयो । उपचारमा आएका बिरामीमध्ये दैनिक ३० देखि ४० जनासम्म भारइल ज्वरोका बिरामी भेटिने गरेको उहाँले जानकारी दिनुभयो। भाइरल ज्वरोका बिरामीमा कोरोनाको जस्तै लक्षण देखिन्छ । उहाँले भन्नुभयो, "हाँछ्यु आउने, सिँगान बग्ने, घाँटी दुख्ने, टाउको दुख्ने, आँखाको भित्री भाग दुख्ने सबै लक्षण उस्तै हुन्छ तर मानिसमा सास फेर्न भने गाह्रो हुँदैन ।"

भाइरल ज्वरो मौसमी फ्लु भएकाले घरमै बसेर सामान्य उपचार गर्दा पनि निको हुन्छ । ज्वरो आएमा सिटामोल खाने, प्रशस्त पानी पिउने, आराम गर्ने, पोसिलो जुस पिउने गर्नाले यो निको हुने डा पौड्याल बताउनुहुन्छ। कोरोना एक व्यक्तिबाट अर्को व्यक्तिमा लक्षण देखिन कम्तीमा पाँचदेखि सात दिन लाग्न सक्छ तर भाइरल ज्वरो दुई दिनदेखि पाँच दिनभित्रमा लक्षण देखिने र सरूवा रोग भए पनि छिटो निको हुने उहाँले बताउनुभयो । दमौली अस्पतालमा सुरूसुरूका दिन ४० देखि ५० प्रतिशतसम्म कोरोना पोजेटिभ देखिए पनि अहिले १८ देखि २० प्रतिशतमा कोरोना देखापर्ने गरेको उहाँले बताउनुभयो। त्यसैगरी दमौली अस्पतालको सघन उपचार कक्षमा राखेर चार जना कोभिड–१९ का बिरामीको उपचार गरिँदै आएको सो अस्पतालले जनाएको छ ।

**www.bhanjyangnews.com**
**Email : bhanjyangdml@gmail.com**

## खोप लगाऔ, सुरक्षित रहौ

**खोप लगाएपछि पनि,**

- मास्कको नियमित प्रयोग गरौं,
- अत्यावश्यक परेमात्र बाहिर निस्कौं,
- भीडभाडबाट बचौं,
- कसैलाई भेट्नैपर्दा दुई मिटरको दूरी कायम गरौं,
- साबुनपानीले हात धोऔं,
- साबुनपानी उपलब्ध नभए स्यानीटाइजरको प्रयोग गरौं,
- शंका लागे तुरुन्त स्वास्थ्य परीक्षण गराऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## मास्क नलगाउँदा हुने जोखिमहरु




**आफू संक्रमित हुन सक्ने**
मास्क नलगाउँदा संक्रमित व्यक्तिले खोक्दा वा हाँच्छ्यु गर्दा निस्कने थुक र सिँगानको स-साना छिटाको माध्यमबाट संक्रमण सर्न सक्छ।

**अरुलाई कोरोना भाइरस सार्ने**
मास्क नलगाए आफूमा लक्षण नदेखिए पनि अरुलाई कोरोना भाइरस सार्ने सम्भावना भने रहिरहन्छ।

**अन्य सरुवा रोग लाग्न सक्ने**
मास्क नलगाउँदा कोभिड-१९ बाट मात्र नभई अन्य सरुवा रोग, धुवाँधुलोबाट पनि संक्रमित हुने सम्भावना बढ्छ।

कोरोना संक्रमणबाट बच्नका लागि जनस्वास्थ्यका सबै मापदण्डको पालना गरौं

**भिमाद नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
भिमाद तनहुँ । गण्डकी प्रदेश

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः ०६५-५६०९०७**, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४